जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ८३ | २०७८ साल कात्तिक ६ गते शनिबार (23 Oct. 2021 Saturday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔ

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बेमौसमी वर्षा : जलवायु परिवर्तनका ३ पृष्ठमा : कोभिड-१९ पछिको शिक्षा : ... ३ पृष्ठमा स्वास्थ्यकर्मीलाई कोभिडको..

## सहिद दिलिप चौधरी स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकार गुप्तासहित तीनजना सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

सहिद दिलिप चौधरी स्मृति पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार नवीनकुमार गुप्तासहित तीन जना संचारकर्मी पुरस्कृत भएका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका ५ स्थित गंगाजलीमा दिलिप स्मृति प्रतिष्ठानद्वारा शुक्रबार आयोजित सहिद दिलिप चौधरी स्तम्भ अनावरण समारोहमा गुप्तासहित न्युज टुडे डटकमका कार्यकारी सम्पादक बृजमान तामाङ र थारुवान डटकमका सम्पादक मदनकुमार चौधरी पुरस्कृत भएका हुन् ।

प्रतिष्ठानका अध्यक्ष राजकुमार लेखी र सांसद शान्ता चौधरीले संयुक्त रुपमा पुरस्कृत तीनै जना पत्रकारहरुलाई सम्मान पत्र, दोसल्ला तथा नगद रु. ११ हजार प्रदान गरि सम्मान गरे ।

पत्रकारिताको माध्यमबाट शोषित पीडित बर्ग, समुदायको हक अधिकार सुनिश्चितताको लागि पु¥याएको अनवरत योगदानको उच्च सम्मानको गर्दै तिनै जना पत्रकारलाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष राज कुमार लेखीले जानकारी दिए ।

पत्रकार गुप्ता सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाई विगत डेढ दशक भन्दा बढी समयदेखी पत्रकारिता क्षेत्रमा कार्यरत छन् । उनी विभिन्न संचारमाध्यममा कार्यरत छन् ।

प्रतिष्ठानका अध्यक्ष लेखीको अध्यक्षतामा आयोजित कार्यक्रममा सांसद शान्ता चौधरी, राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल, पूर्वमन्त्री हेमराज तातेड, सप्तकोशी नगरपालिकाका प्रमुख उत्तम कुमार गौतम, रामधुनी नगरपालिकाका प्रमुख जयप्रकाश चौधरी, अग्निसाईर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष पर्शुराम चौधरी, लहान नगरपालिकाका उपप्रमुख ससिया चौधरी, नेकपा एमालेका राष्ट्रिय परिषद सदस्य राजेन्द्र प्रसाद चौधरी, सप्तकोशी नगरपालिका वडा नं. ५ का अध्यक्ष दिपक कुमार लेखी, पुरस्कृत पत्रकारत्रय बृजमान तामाङ, नवीनकुमार गुप्ता, मदन कुमार चौधरी लगायतकाले सहिद दिलिप चौधरीको योगदान बारे चर्चा गरेका थिए ।

यसअघि सहिद दिलिप चौधरीको स्तम्भको संयुक्त रुपमा प्रतिष्ठानका अध्यक्ष लेखी, सांसद चौधरी, पुर्व मन्त्री तातेड, राष्ट्रियसभा सदस्य प्याकुरेल लगायतले अनावरण गरेका थिए ।

सप्तरीको तत्कालीन फत्तेपुर गाबिसमा जन्मिएका सहिद दिलिप चौधरी बि.सं २०४२ सालमा बम काण्डको आरोपमा काठमाडौंस्थित ल क्याम्पसबाट पक्राउ परेका थिए । पक्राउ परेको लगतै उनको राज्य पक्षबाट हत्या गरिएको थियो । सहिद चौधरी पञ्चायती ब्यवस्थाको बिरुद्ध बि.सं २०३६ सालमा सप्तरी जिल्लाको फत्तेपुर कंचनपुर क्षेत्रमा भएको विद्यार्थी आन्दोलन तथा २०४२ सालको देशब्यापी बम काण्डको अगुवाई गरेका थिए ।

## बाढी पहिरोमा परी मृत्यु हुने एक सय ११ पुगे, ३७ वेपत्ता

काठमाडौं, ५ कात्तिक (रासस) ।

केही दिन अघिको अविरल वर्षाका कारण आएको बाढीपहिरो र डुबानमा शुक्रबारसम्म एक सय ११ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार ३७ जना अझै वेपत्ता छन् । बाढीपहिरोमा परी प्रदेश १ मा ६५, बागमती प्रदेशमा १, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा ४, कर्णाली प्रदेशमा ७ र सुदूरपश्चिम प्रदेशमा ३२ जनाको मृत्यु भएको हो ।

मुलुकभर गरेर कुल ४२ जना घाइते भएको प्रहरीले जनाएको छ । बाढी पहिरामा परी प्रदेश १ मा ११, २ मा एक, लुम्बिनी र कर्णाली प्रदेशमा एक/एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी ३७ जना वेपत्ता भएका जनाइएको छ । वेपत्ताको खोजीकार्य जारी छ ।

बाढीको कारण दुई हजार २३२ वटा घर डुबानमा परेका तथा ७८ घर, १६ गोठ, छ वटा पुल, एक विद्यालय र तीन सरकारी कार्यालयमा क्षति पुगेको छ । कुल १८६ वटा पशु चौपाय मरेको जनाइएको छ ।

## लालुलाई खोज्दै शसस्त्रको गोताखोर, बाढीले पुल ढल्दा तीन दिनदेखी आवागमन ठप्प

**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**



जिता खोलाको बाढीले बगाएर तीन दिनदेखी वेपत्ता बनाएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ का २३ वर्षिय लालु भन्ने दिपेन्द्र मण्डल अझै भेटिएका छैनन ।

शसस्त्र प्रहरीको गोताखोर टोली र स्थानीयले डुंगाको प्रयोग गरी शुक्रबार खोजी कार्यलाई ब्यापक बनाएको छ । बुधवार दिउसो सिमावर्ती भारतको कुनौली बजारबाट दिपावली र छठ पर्वका लागी केही

*बाँकी अन्तिम पृष्ठमा*

## जनमतका १७ जना कार्यकर्ता अनुसन्धानका लागि हिरासतमा

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ५ कात्तिक ।**

खानेपानी कार्यालयका निमित्त प्रमुख राजेश्वर कुशवाहालाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका १७ जनाविरूद्ध शुक्रबार आपराधिक प्रवेश तथा आपराधिक उपद्रवसम्बन्धी कसूरमा अनुसन्धानका लागि हिरासतमा राख्न प्रहरीले जिल्ला अदालत धनुषाबाट अनुमति लिएको छ ।

बिहीबार दिउँसोसम्म दुई दिन भएको वर्षामा पानीको निकास ढल भएर बग्न नसकेपछि उक्त पार्टीका नेता तथा कार्यकर्ताले कार्यालय प्रमुख कुशवाहालाई कालोमोसो तथा कुटपिट गर्दै नगर परिक्रमा गराएका थिए ।

लाठी, भाटासहित कार्यालय पुगेका दर्जनौं कार्यकर्ताले प्रमुखलाई जबर्जस्ती कार्यालयबाट थुतेर बाहिर ल्याई कुटपिट गर्दै नगर परिक्रमा गराएका थिए । उनीहरुले कपडा च्यात्नुका साथै नालामा रहेको हिलो दलेर अर्धनग्न रुपमा कुटपिट गर्दै घुमाएका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय

# कानुनको सम्मान गरौं

कुनै पनि विषयमा चित्त नबुझे सोझै त्यस सम्बन्धी कारवाहीका लागि कानुन हातमा लिने अधिकार कुनै पनि आमजनतामा छैन् । असन्तुष्टि भएमा सम्बन्धीत निकायमा जाने प्रावधान रहेको छ । तर सो प्रावधान हुँदै हुँदै सकैलाई बेइजत गरेर सार्वजनिक रुपमा सडकमा धुमाउने अधिकार कोहीमा छैन् । यो सरासर कानुनी राजयको उपहास हो । बिहीबार प्रदेश २ को राजधानीमा यस्तै एउटा घटना भएको छ । ढल तथा खानेपानी कार्यालयका निमित्त प्रमुखलाई जनमत पार्टीका नेता कार्यकर्ताले कालोमोसो दलेर हिलो छ्याप्दै सडकमा धुमाउनु कानुनी राज्यको उपहास हो । यस्तो प्रकारको घटनाले कानुनको धज्जी उडाएको छ ।

कुनै पनि राष्ट्रमा राज्यले कानुन बनाएको हुन्छ । कानुन भनेकै राज्यले तोकेको अधिकार भन्दा बाहिर गएर कुनै कार्य गरेमा त्यसलाई सम्बन्धीत निकायले दण्ड सजाय दिन्छ । तर, यसो नगरेर जनमत पार्टीका नेता कार्यकर्ताले सरकारी निकायका कर्मचारीलाई कानुन विपरीत सजाय दिनु गैरकानुनी हो । यस्ता प्रबृतिले दण्डहिनता बढ्छ । यदी प्रमुखले कुनै कार्य गर्न नकार्छ भने उ भन्दा माथी पनि निकाय हुन्छ । सो निकायमा उजुरी दिएर पनि काम भएन् भने प्रमुख जिल्ला अधिकारी कहाँ जान सकिने प्रावधान हुँदै हुँदै पनि कानुनलाई आफ्नो हातमा लिएर गलत कार्य गर्ने अधिकार कसैलाई हुँदैन् ।

कानुन बिरोधी कार्य गर्ने जो सुकैलाई पनि कानुनी कठघरामा उभ्याएर दण्डित गर्नु पर्छ । तसर्थ यस्ता दण्डहिनता कार्यलाई प्रोत्साहन नगरि निरुत्साहित गर्न सम्बन्धीत निकाय जागरुक हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बेमौसमी वर्षा : जलवायु परिवर्तनको असर की भैपरी आउने घटना ?

काठमाडौं, ५ कात्तिक (रासस) ।

गएको वैशाखमा गरिएको आँकलनअनुसार नेपालमा औषतभन्दा १५ प्रतिशत बढी वर्षा भएर यही अक्टोबर ११ मा आठ दिन ढिला गरी मनसुन बाहिरियो ।

नेपालीको महान् चाड दसैँको मुखमा मनसुन बाहिएिपछि नेपालीले धुमधामसँग चाड मनाए । दसैँमा अधिकांश ठाउँमा राम्रै घाम लाग्यो । मनसुन सकिएकाले अब भारी वर्षा हुन्छ भन्ने अनुमान थिएन । त्यसैले पनि कात्तिकमा महिना (बेमौसम) मा यति धेरै वर्षा हुने कुरा अनुमानभन्दा बाहिरको हो ।

यद्यपि जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मध्य दसैँमा असोज ३१ गतेको मिति तोकेर विभिन्न प्रणाली विकसित भएकाले भारी वर्षाको सम्भावना रहेको हुँदा सार्वधानीको चेतावनी दिएको थियो । असोज २८ मा पहिलो र असोज ३० गते दोस्रो विशेष बुलेटिन नै सार्वजनिक गरी सावधानीको अनुरोध गरिएको वरिष्ठ मौसमविद् वरुण पौडेल सुनाउनुहुन्छ ।

टन्टलापुर घाम लागिरहेका बेला उक्त चेतावनीलाई कतिपयले खासै वास्ता नगरेको पनि हुनसक्छ । विडम्बना असोजको अन्तिम दिनबाट मुलुकका विभिन्न जिल्लामा भारी वर्षा सुरु भयो । पूर्णिमासम्म दसैँको टीका लगाउने चलनअनुसार मानिस आफन्तकोमा टीका थाप्दै थिए भने घर गएका कार्य क्षेत्रमा फर्किनसमेत भ्याएका थिएनन् ।

लगातारको भारी वर्षा ( मनसुनी वर्षाझैँ) का कारण कात्तिकको पहिलो दिनबाट भने मानवीय र भौतिक क्षतिका घटना सार्वजनिक हुन थाल्यो । असोज १, २, ३ गतेको तीन दिनको अवधिमा १०१ जनाले बाढी, पहिरो र डुबानमा परेर ज्यान गुमाउन पुगे । अझै ४१ जना हराइरहेका छन् । सयौँ परिवार विस्थापित भएका छन् भने झण्डै २० जिल्लामा भौतिक संरचना, सडक, पुल, विद्युत्, टेलिफोन सेवा नराम्ररी प्रभावित भएको छ । अझै क्षतिको यकिन विवरण भने आइसकेको छैन । कात्तिकमा यति ठूलो वर्षा भएर मुलुक नै प्रभावित हुने गरी ठूलो जनधनको क्षति गराउने कुरा अप्रत्यासित र अकल्पनीय नै हो । जलवायु परिवर्तनको असर हो की भैपरी आउने घटना यसमा आआफ्नै धारणा मानिसमा छ ।

जलवायु परिवर्तन विज्ञ तथा नेपाल पानी सदुपयोग फाउन्डेसनका अध्यक्ष डा ङमिन्द्र दाहाल अक्टोबरको दोस्रो हप्तामा थोरै पानी पर्ने गरे पनि यती धेरै नपर्ने विगतको अनुभव सुनाउनुहुन्छ । “वर्षा सकिएपछि यसरी ठूलो पानी पर्नु जलवायु परिवर्तनको असर हो, परिवर्तन आयो भन्ने कुरा अहिलेको वर्षाबाट हामीले बुझ्नुपर्छ”, दाहालले भन्नुभयो ।

उहाँका अनुसार कतिपय स्थानमा मनसुन भरी पर्ने पानीभन्दा धेरै यो तीन/तीन दिनमा परेको उहाँको भनाइ छ । यसले राम्रो सङ्केत गर्दैन, जलवायु परिवर्तन भनेको यही हो, कतिबेला के हुन्छ थाहा हुन्न, ३०/४० वर्षको तथ्याङ्क चाहिन्छ, भनिन्छ त्यो एक ठाउँमा होला तर अदलीबदली चाहिँ डरलाग्दो हिसाबले भइरहेको छ, यसलाई हामीले मनन गर्नुपर्छ”, उहाँले थपनुभयो । सुदूरपश्चिममा केही ठाउँमा त मनसुन कै रेकर्ड तोडेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार यस्ता घटना हरेक ५० देखि १०० वर्षमा एक पटक देखिने हो । डा दाहाल अब यस्ता घटना बाक्लिने दावी गर्नुहुन्छ । यसले अब तीन/चार महिना लामो खडेरी हुने सङ्केत दिएको पनि उहाँले जिकिर गर्नुभयो । “त्यसको सङ्केत प्रशान्त महासागरका गतिविधिले देखाइरहेको छ, लान्दिनाको प्रणाली अलि सक्रिय देखिएको छ, त्यसले खडेर निम्त्याउने उहाँको विश्लेषण छ । उहाँले यही प्रकृतिको घटना नदोहोरिए पनि अर्को नयाँ स्वरुपका घटना देखिन सक्ने चेतावनी दिनुभएको छ । एकै चोटी पानी खनिनु पनि जलवायु परिवर्तनको सङ्केत भएको अध्यक्ष डा दाहालको जिकिर छ ।

गत वर्ष पर्वतमा होस् या सिन्धुपाल्चोकको जुगलमा एकै ठाउँमा धेरै वर्षा हुँदा भेल पहिरो गएर ठुलो जनधनको क्षति भएको थियो । यही साल मनसुनका बेला (असार १ र १६ गतेको वर्षा) मा सिन्धुपाल्चोकको हेलम्बुमा मेलम्ची खोलाको शिरदेखि अकल्पनीय बाढी पहिरो जाँदा हेलम्बु र मेलम्चीमा घरका चार तला माथिसम्म बाढी पुगेको थियो । सयौँ घरको निशाना फेला पार्न सकिने अवस्थाको छैन । औषतभन्दा बढी वर्षा भएर यही अक्टोबर ११ बाट मनसुन बाहिरिएको एक हप्तामै झण्डै/झण्डै मनसुन अवधि कै क्षतिको अङ्क पछ्याउँदै बाढी, पहिरो र डुबानले वितण्डा मञ्चायो । प्राप्त विवरणअनुसार मनसुन अवधिमा १३६ जनाको मृत्यु भएको थियो भने ४५ जना मानिस हराइरहेका छन् ।

अहिलेको (असोज ३१ देखि कात्तिक ३) को अवधिमा भारी वर्षापछिको बाढी पहिरो र डुबानमा परेर १०१ को मृत्यु भएको छ भने ४१ जना हराइरहेका छन् । खेतबाट भित्रयाउन ठिक्क पारिएको अर्बौंको धान नष्ट भएको छ । वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार यसपटक मनसुन सकेलगत्तै पश्चिमबाट आउने प्रणाली र बङ्गालको खाडीबाट आएको न्युन चापीय प्रणाली मिसिएर भारी वर्षा भएको हो । मौसमविद् पौडेलले भन्नुभयो, “कहिलेकाहीँ यस्ता घटना हुन्छ, यो दुर्लभ घटना हो, विगतमा पनि अक्टोबर महिनामा यस्ता घटना भएको पाइन्छ, भारतको केदारनाथमा पनि मनसुनसँगै यसैगरी दुई प्रणाली मिसिएको थियो ।”

मनसुन बाहिरिँदै गर्दा बङ्गालको खाडीमा एक खालको न्यून चापीय प्रणाली विकसित भएको र त्यसमा अर्को पश्चिमी वायु पनि सक्रिय भई दुवै प्रणालीको प्रभावले भारी वर्षा हुन पुगेको मौसमविद्को भनाइ छ तर त्यो जलवायु परिवर्तनसँग जोडिने विज्ञहरू बताउँछन् । मौसम विज्ञान विभागको जलवायु विश्लेषण शाखा प्रमुख, वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेल यसपालि मनसुन अवधिभर भइराख्ने भन्दा १५ प्रतिशत बढी वर्षा भएको थियो । पोष्टर¶ - मनसुनमा पनि यसपाली निक्कै धेरै वर्षा भएको उहाँ बताउनुहुन्छ । मनसुन सकिएपछिको यो वर्षा तीस वर्षको औषत वर्षाभन्दा बढी भएको उहाँको भनाइ छ । यस वर्षको मनसुन जुन ११ मा सुरु भएर अक्टोबर ११ मा बाहिरिएको थियो । मौसमविद् डा कँडेल अक्टोबर १ देखि २१ ( बिहीबार)सम्म मुलुकका २० वर्षा मापन केन्द्रमा २५३ मिलिमिटर औषत पानी पर्ने बताउनुहुन्छ तर त्यहाँ सरदरमा ३४२ प्रतिशत पानी परेको छ । जुन उक्त अवधिमा पर्ने पानीभन्दा १८७ मिलिलिमटर बढी हो । त्यसलाई विष्लेषण गर्दा उक्त अवधिमा २४२ प्रतिशत बढी पानी परेको डा कँडेलले बताउनुभयो ।

गएको सेप्टेम्बरमा दक्षिण एसियाली जलवायु आँकलन मञ्चको बैठकले प्रदेशको १ को दक्षिणी भाग, प्रदेश २, बागमती, लुम्बिनीको दक्षिणी भेगमा अक्टोबरमा बढी वर्षा हुने आँकलन गरेको थियो तर उक्त मोडलले सुदूरपश्चिम र कर्णालीमा कति पानी पर्छ भनेर यकिन गर्न सकेको थिएन । “उक्त मोडलले देखाएअनुसार नेपालको पूर्वमा मिल्न आयो सुदूरपश्चिममा भने त्यो सिग्नल देखाएन, बढी पर्न पनि सक्छ नपर्न पनि सक्छ भन्ने थियो, तर त्यस क्षेत्रमा पनि पानी ठुलो पऱ्यो”, डा कँडेलले राससँग भन्नुभयो ।

गत वर्ष नेपालमा एकदम बढी सुक्खा थियो, त्यसले विभिन्न क्षेत्रमा डडेढोको सामना गर्नुपऱ्यो । आगो निभाउन हेलिकोप्टर नै प्रयोग गर्नुपरेको थियो । उक्त मञ्चले अक्टोबर, नोभेम्बर, डिसेम्बरमा केही बढी पानी पर्छ भन्ने सङ्केत दिए पनि नेपालमा पूर्वानुमान गर्ने प्रविधि राम्रो छैन । कँडेलका अनुसार यस्ता घटना कुनै पनि बेला हुनसक्छ भन्ने नै हो ।

सामान्यतया विगतमा १० वर्षयता जुन १० मा मनसुन भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिन्थ्यो । यस वर्षदेखि मनसुन भित्रिने दिन जुन १३ थियो । त्यसको दुई दिनअघि नै मनसुन भित्रिएको थियो भने आठ दिनपछि बहिर्गमन भएको थियो । नेपालमा सरदर वर्षाको आँकडा विश्लेषण गरेर मनसुनको मिति तय गरिनेछ । कहिलेकाहीँ केही दिन ढिला र केही दिन चाँडो पनि मनसुन भित्रिने र बाहिरिने हुन्छ । यसपालि पनि त्यही भएको मौसमविद्को भनाइ छ ।



# कोभिड-१९ पछिको शिक्षा : छात्रा बढी प्रभावित

काठमाडौं, ५ कात्तिक (रासस) ।

कोभिड-१९ को महामारीपछि विशेष गरी विद्यालय तहका बालबालिका पूर्ववत् सिकाइ वातावरण, स्वच्छ मनोरञ्जन र अन्य सामाजिक अवसरको पूर्ण प्रयोगबाट बञ्चित हुँदै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को पछिल्लो तथ्याङ्कानुसार विश्वव्यापीरूपमा सातमध्ये कम्तीमा एक बालबालिका बन्दाबन्दीबाट प्रत्यक्षरूपमा प्रभावित भएका छन् भने एक अर्ब ६० करोडभन्दा बढी बालबालिकाले शिक्षाको अवसर गुमाएका छन् । महामारीपछि अस्तव्यस्त भएको दिनचर्या, शिक्षा, मनोरञ्जनका साथै पारिवारिक आय र स्वास्थ्यको चिन्ताजस्ता बाधाले गर्दा धेरै बालबालिका तथा युवामा डर, क्रोध र आफ्नो भविष्यप्रति चिन्ता अनुभव भएको युनिसेफको प्रतिवेदनमा उल्लेख छ । नेपालमा पहिलो र दोस्रो लहरको कोरोना रोकथामको बन्दाबन्दीले गर्दा ७४ हप्तासम्म विद्यालय पूर्ण र आंशिकरूपमा बन्द भइसकेका छन्, यो विश्वका कोभिड प्रभावित मुलुकको तुलनामा बढी भएको अध्ययनले देखाएको छ ।

नियमित र प्रत्यक्षरूपमा विद्यालय सञ्चालन नहुँदा डिजिटल जोखिममा विशेषतः किशोरी पर्ने गरेका छन् । कोभिड-१९ पछि किशोरी अनलाइनको दुर्व्यवहारमा परेका तथा बालविवाह, बालहिंसाका घटना बाहिरिएका छन् । एकातिर अनलाइन शिक्षामा सबै बालबालिकाको पहुँच पुग्न सकेको छैन भने अर्कातिर अनलाइनको पहुँचमा भएका बालबालिका डिजिटल लतमा फस्न पुगेका छन् । यसले उनीहरूमा मनोसामाजिक असरसमेत पर्ने गरेको छ । यही अक्टोबर ११ मा 'डिजिटल पुस्ता, हाम्रो पुस्ता' भन्ने नाराका साथ यस वर्षको दिवस विश्वभर मनाइँदा डिजिटल जोखिममा बालिकाबारे चिन्ता जाहेर गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा भगवान् अर्यालले कोभिड-१९ को अत्याधिक सङ्क्रमण देखिएका राष्ट्रमा समेत विद्यालय यति लामो समयसम्म बन्द नभएको पाइएको बताउनुभयो । सुविधाविहीन बालबालिकाको अनलाइन शिक्षामा पहुँच नपुग्ने भएकाले सिकाइमा नकारात्मक प्रभाव पर्नाका साथै सबै विद्यार्थीमा सिकेका कुरा धेरै समय सम्फिन सक्ने क्षमतामा कमी भएको सहप्राध्यापक डा अर्यालको भनाइ छ ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले बन्दाबन्दीपछि विद्यालय खुले पनि विश्वभरि ११७ मिलियन विद्यार्थी (७.५%) अझै विद्यालय बाहिर रहेको विवरण सन् २०२० मा प्रकाशनमा ल्याएको थियो । सो विवरणअनुसार नेपालमा झण्डै ९० लाख विद्यार्थीमा कोभिड-१९ का कारण शैक्षिक संस्था बन्दको प्रभाव परेको थियो । यसमध्ये ११% पूर्वप्राथमिक तह, २८% प्राथमिक तह, ३९% माध्यमिक तह र ५% उच्च तहका विद्यार्थी रहेका थिए ।

महामारीले नेपालका विद्यालय तहका ७४ लाख विद्यार्थीको सिकाइको क्षतिसम्बन्धी तत्कालीन जोखिम सिर्जना गरेको मानिएको छ । यसका अतिरिक्त, लामो समयसम्म विद्यालय बन्द रहने, गतिशीलतामा बन्देज लाग्ने र बन्दाबन्दीले घरमै सीमित हुने भएकाले विद्यार्थीको स्वास्थ्यका साथै परिवार तथा समुदायलाई पनि थप तनाव भई नकारात्मक असर सिर्जना गरेको युनाइटेड वर्ल्ड स्कुल्सको प्रतिवेदन २०२० ले जनाएको छ । निम्न वर्गीय अभिभावकले बढी मात्रामा घरायसी तथा शारीरिक श्रममा संलग्न गराउन तथा बालिका विद्यार्थी विशेषरूपले कामकाजमा बढी संलग्न हुनुपर्ने जोखिम देखिएको ती अध्ययनले देखाएको छ । खासगरी बालविवाह र छिटो गर्भधारण, घरेलु हिंसा र शोषण, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार र हैरानी, साइबर बुलिइङ तथा अपराधका घटना पनि कोभिडपछि देखिएका छन् ।

विपन्न र सीमान्तकृत परिवारका बालबालिकालाई दिवाखाजा कार्यक्रमबाट बञ्चित हुनुपर्दा पोषण स्वास्थ्यमै जोखिम उत्पन्न भई पोषण शिक्षाको अभाव, विद्यालयबाट प्राप्त हुने स्वास्थ्य सेवाबाट बञ्चित, अभिभावकको घरमा शिक्षा दिने क्षमतामा कमीजस्ता समस्या पनि देखिएका छन् ।

काठमाडौं उपत्यकाका सामुदायिक, संस्थागत र गुठी विद्यालयका व्यवस्थापक, प्रधानाध्यापक र सहायक-प्रधानाध्यापकबीच गरिएको एक अध्ययनले २८% विद्यालयले मात्र विद्यालय पुनः सञ्चालन गर्ने लिखित प्रोटोकल तयारी गरेकामा लगभग ५०% विद्यालय कक्षाकोठामा शिक्षण सुरु गर्न पूर्ण तयार भएका र ४७% विद्यालय पनि केही हदसम्म खुल्न आतुर भएको पहिचान गरेको छ । त्यसमा २५% अभिभावकले आफ्ना बालबालिकाको सिकाइलाई कुनै समय दिन नसक्ने पाइएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्साल सामाजिक र सांस्कृतिक कारणले छात्राको शिक्षामा निरन्तरतामा चुनौती पैदा गरेको स्थितिमा कोभिड-१९ को महामारीले थप चुनौती थपिदिएको ठान्नुहुन्छ । उहाँले सबै बालबालिकालाई निरन्तर सिकाइ क्रियाकलापमा जोड्न सरोकार भएका पक्ष, समुदाय र अभिभावको सशक्त भूमिका आवश्यक भएको बताउनुभयो ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा १५ देखि १९ वर्ष उमेर समूहका १७ प्रतिशत किशोरी गर्भवती हुने गर्छन् । ग्रामीण क्षेत्रमा यो दर २२ प्रतिशत रहेको छ भने सहरी क्षेत्रमा १३ प्रतिशत रहेको छ । किशोरकिशोरी स्वास्थ्य व्यवहार सर्वेक्षण सन् २०१७ ले विद्यालय गइरहेका किशोरीमध्ये ४० प्रतिशत महिनावारीका कारण कम्तीमा एक दिन विद्यालयमा अनुपस्थित रहने गरेका छन् । बलात्कारका वार्षिक करिब २०० घटनामध्ये ६८ प्रतिशत बालिका नै हुने गरेका छन् । यस्ता घटनाबाट बालिका तथा किशोरीको पढाइमा असर परिरहेको हुन्छ ।





राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


# विश्व समाचार

## स्वास्थ्यकर्मीलाई कोभिडको खोप उपलब्ध गराउन विश्व स्वास्थ्य सगठनको आग्रह

जेनेभा, ५ कात्तिक (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य संगठनले स्वास्थ्यकर्मीहरुलाई कोभिड १९ विरुद्धको खोप सहज उपलब्ध गराउन विश्वका देशहरुलाई आग्रह गरेको छ । विश्वमा स्वास्थ्यकर्मीहरु नै कोभिडको संक्रमणको मारमा परेका बताउँदै उनीहरुको सुरक्षाका लागि खोपको उपलब्धता आवश्यक रहेको बताएको हो ।

विश्व स्वास्थ्य संगठनले कोभिडले स्वास्थ्यकर्मीहरूलाई नराम्ररी प्रभावित पारेको र त्यसबाट कम्तीमा पनि १ लाख १५ हजार जना स्वास्थ्यकर्मीहरुको ज्यान गएको बताएको छ । विश्व स्वास्थ्य संगठनले सन् २०२० को जनवरीदेखि सन् २०२१ को मे महिनाको बीचमा यतिधैरै स्वास्थ्यकर्मीको ज्यान गएको अनुमान गरिएको बताएको छ ।

विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा टेड्रोस आधनाम गेहब्रेयससले स्वास्थ्यकर्मीहरूलाई कोभिड खोपका लागि प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको हो ।

उहाँले अहिले पनि विश्वका करिब ११९ देशका स्वास्थ्यकर्मीहरुको तथ्यांक हेर्दा ती देशका करिब पाँच स्वास्थ्यकर्मीमध्ये दुई जनाले मात्र खोपको पूर्ण मात्रा प्राप्त गरेका बताउनुभएको छ । त्यसैले अहिले पनि विश्वमा कोभिड महामारीको अवस्था नहटेको र त्यसमा स्वास्थ्यकर्मीहरु पहिलो पंक्तिमा बसेर काम गर्नुपर्ने भएकाले उनीहरुलाई खोप उपलब्ध गराउनुपर्ने बताउनुभएको हो ।

अहिले विश्वमा खोपको न्यायपूर्ण वितरण हुन नसकेको बताइएको छ । यस विषयमा विश्वक स्वास्थ्य सगठनले पनि आलोचना गर्ने गरेको छ ।

## तीस बालबालिका अपहरित

अबुजा, ५ कात्तिक (रासस/सिन्ह्वा) ।

नाइजेरियामा कम्तीमा पनि ३० जना बालबालिका अपहरणमा परेका छन् । नाइजेरियाको उत्तरपश्चिमी क्षेत्र केबीको एक विद्यालयबाट ती बालबालिका अपहरणमा परेका हुन् ।

यहाँको विद्यालयबाट बिहीबार ती बालबालिकालाई अपहरण गरेर लगिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सो विद्यालयबाट यसअघि पनि केही बालबालिका अपहरणमा परेका थिए ।

यहाँ सशस्त्र विद्रोह गरिरहेको बोको हराम समूहले ती बालबालिका अपहरण गरी लगेको बताइएको छ । यद्यपि सो समूहले भने जिम्मेवारी लिएको छैन । यहाँ यसअघि पनि बोको हराम समूहले बालबालिकालाई विद्यालयबाट नै अपहरण गरी लग्ने गरेकाले यी ३० जना पनि सोही समूहले लगेको प्रहरीले अनुमान गरेको छ ।

उक्त विद्रोही समूहले विद्यालयबाट नै जबर्जस्त बालबालिकालाई अपहरण गरी लैजाने र आफ्नो विद्रोही समूहमा लगाउने गरेको छ । यहाँका प्रहरी अधिकारीले ती बालबालिकाको खोजी कार्य सुरु गरेको जनाएका छन् ।

## भारतमा १५ हजार नयाँ संक्रमित थपिए

नयाँदिल्ली, ५ कात्तिक (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट थप १५ हजारभन्दा बढी नयाँ सङ्क्रमित थपिएका छन् । सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा १५ हजार ७८६ जना नयाँ सङ्क्रमित थपिएका हुन् ।

नयाँ सङ्क्रमित मध्ये आठ हजार ७३३ जना केरला प्रदेशका मात्रै रहेको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । सोही अवधिमा भारतमा १८ हजार ६४१ जना सङ्क्रमितहरु सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिले नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएको हो ।

भारतमा अहिले एक लाख ७५ हजार ७४५ जना सङ्क्रमित अवस्थामै रहेका छन् । यो सङ्ख्या २३२ दिनपछिकै सबैभन्दा कम भएको मन्त्रालयका अधिकारीहरुको भनाई छ । भारतमा अहिलेसम्म कुल तीन करोड ३५ लाख १४ हजार ४४९ जना सङ्क्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अधिकारीहरुका अनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण थप २३१ जनाको मृत्यु भएको छ । ती मध्ये केरलाका मात्रै ११८ जना रहेका छन् ।

# प्रहरी र जनमत कार्यकर्ताबीच झडप

दैनिक समाचारदाता
जनकपुरधाम, ५ कात्तिक ।

सिके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ता र प्रहरीबीच शुक्रबार जनकपुरमा झडप भएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाअगाडि प्रहरी र जनमत पार्टीका कार्यकर्ताबीच झडप भएको हो ।

खानेपानी तथा ढल निकास कार्यालय जनकपुरका निमित्त प्रमुख राजेश कुशवाहालाई दुर्व्यवहार गर्ने जनमत पार्टीका कार्यकर्तालाई कारबाहीको माग राख्दै नेपाल इन्जिनियर्स एसोसियनको अगुवाइमा विभिन्न पेशागत संघसंस्थाहरू ज्ञापनपत्र बुझाउन जिल्ला प्रशासन कार्यालय पुगेको थियो। पेशागत संघसंस्थाका प्रतिनिधिहरू जिल्ला प्रशासन कार्यालय नजिकै रहेको बेला पक्राउ परेका कार्यकर्ता रिहा गर्नुपर्ने भन्दै लाठीभाटासहित जनमत कार्यकर्ताहरू पनि त्यहाँ पुगेका थिए ।

पेशागत संघसंस्थाका प्रतिनिधि र जनमत पार्टीका कार्यकर्ताबीच वादविवाद हुनथालेपछि प्रहरीले हस्तक्षेप गरेको थियो। सोही क्रममा प्रहरी र जनमत पार्टीका कार्यकर्ताबीच झडप भएको हो ।

झडपका क्रममा प्रहरीले लाठी चार्ज गरेपछि जनमत पार्टीका कार्यकर्ताहरू त्यहाँबाट भागेका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी जितेन्द्र बस्नेतले सामान्य झडप भएको बताएका छन् । प्रहरीले हस्तक्षेप गरेपछि प्रदर्शनमा उत्रिएका जनमत पार्टीका कार्यकर्ताहरू भागेको उनले बताए ।

### जनमतका १७ जना ...

प्रहरी प्रवक्ता जीतेन्द्र बस्नेतका अनुसार उक्त पार्टीका जिल्ला अध्यक्ष ओमविक्रम कुशवाहा, सर्लाही जिल्ला सदस्य दुर्योधन यादव, प्रेमकिशोर यादव, केन्द्रीय सदस्य वीरेन्द्र महतो, विद्यार्थी जनमत सङ्घका अध्यक्ष विजय यादव, नेता सञ्जय प्रधान, धनिकलाल कापर, विक्रमकुमार साह, कैलाशप्रसाद साह, दिनेश रजक साफी, रामकरण यादव, सञ्जय कुमार सिंह, सञ्जय साह, महेश कुमार यादव, अमरनाथ साह र सुन्दर मण्डलविरूद्ध मुद्दा दर्ता गरिएको छ ।

यस मुद्दामा अभियुक्तहरूलाई क्षतिपूर्तिसहित अधिकतम चार वर्षसम्म कैद र ४० हजारसम्म जरिवाना हुनसक्ने कानुनी प्रावधान रहेको छ ।

# जयनगर-कुर्था सीमापार रेलमार्ग हस्तान्तरण



काठमाडौं, ५ कात्तिक (रासस) ।

भारत सरकारको आर्थिक सहयोगमा ३५ किलोमिटर जयनगर-कुर्था सीमापार न्यारोगेज रेलमार्ग ब्रोडगेजमा रूपान्तरण भएको छ। निर्माण पूरा भएसँगै त्यसलाई भारतले नेपाल सरकारलाई हस्तान्तरण पनि गरेको छ ।

शुक्रबार राजधानीमा आयोजित एक समारोहमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवलाई नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले रेलमार्गको स्वामित्वसम्बन्धी दस्तावेज हस्तान्तरण गर्नुभयो । शुक्रबारदेखि उक्त रेलमार्गको स्वामित्व नेपाल रेलवे कम्पनी लिमिटेडमा स्थानान्तरण भएको छ ।

भारत सरकारको आर्थिक सहयोगअन्तर्गत रु आठ अर्ब ७७ करोडमा निर्माण भएको उक्त रेलमार्ग ६८.७२ किलोमिटर जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्गको एउटा खण्ड हो । उक्त रेलमार्ग सञ्चालन भएपछि नेपाल र भारतबीच व्यापार-वाणिज्य वृद्धिका साथै दुई देशका जनताबीचको सम्बन्ध र सम्पर्क अझ सुदृढ हुने अपेक्षा गरिएको छ ।

### लालुलाई खोज्दै ...

किनमेल गरी फर्किदै गर्दा रमपुरामल्हनीया-हनुमाननगर सडक खण्डको जिर्ण पुल पार गर्ने क्रममा बाढीले मण्डललाई बगाएको थियो ।

उनीसँगै रहेका २८ वर्षिय संजिव मण्डल भने पौडी खेलेर ज्यान जोगाउन सफल भएका थिए। वेपत्ता मण्डलको खोजीका लागी शसस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठको निगरानीमा विगत तीन दिन देखी गोताखोर टोलीले खोजी कार्य जारी राखेको छ ।

जिता नदीको बाढीले मण्डललाई भारतीय क्षेत्र तर्फ बगाएर लगेको हुन सक्ने अनुमान गर्दै भारतीय प्रहरी अधिकारीको सहयोगमा समेत खोजी कार्य व्यापक बनाइएको उनको भनाई छ ।

यता बाढीले सो सडक खण्डको पुल समेत ढलेको छ । जसकारण विगत तीन दिन देखी उक्त सडक खण्डमा आवागमन पुर्णरुपमा ठप्प भएको छ। वर्षा रोकिएकाले अबिलम्ब क्षतीग्रस्त पुलको मर्मत तथा आवागमन सुचारु गर्न स्थानीयले माग गरेका छन् ।

# फेरी बदली र वर्षा

काठमाडौं, ५ कात्तिक (रासस) ।

हाल नेपालमा असर गर्ने उल्लेखनीय मौसमी प्रणाली नरहे पनि देशभर आंशिकदेखि सामान्य बदली र केही स्थानमा हल्का वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

अहिले प्रदेश नं १ र बागमती प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भइरहेको छ । दिउँसो प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली तथा बाँकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहने छ । प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्का वर्षाको सम्भावना छ । रातिको समयमा पानि सोही मौसमी प्रणाली कायम रहने जनाइएको छ ।

शनिबार देशभर आंशिकदेखि सामान्य बदली रहनेछ । अहिले प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्का वर्षाको सम्भावना छ । राजधानी काठमाडौं उपत्यकामा शुक्रबार बिहानैदेखि बदली रहेको छ । बदलीका कारण उपत्यकामा केही चिसो महसुस गरिएको छ । काठमाडौंको अधिकतम २८ दशमलव पाँच र न्यूनतम तापक्रम १६ डिग्री सेल्सियस रहेको छ ।


प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ

तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ
हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं


अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np